बैठक संख्याः १०३

मिति २०८२ साल कार्तिक २३ गतेका दिन नगर प्रमुख श्री किशोर कुमार लिम्बु ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसि देहायका निर्णयहरु गरिए ।

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री किशोर कुमार लिम्बु | नगर प्रमुख | |
| २ | श्री गंगा देवी जोशी | नगर उप-प्रमुख | |
| ३ | श्री बिक्रम चन्द | वडा अध्यक्ष | |
| ४ | श्री पदम सिंह रावल | वडा अध्यक्ष | |
| ५ | श्री हरि सिंह धनाडी | वडा अध्यक्ष | |
| ६ | श्री भक्त बहादुर सुनार | वडा अध्यक्ष | |
| ७ | श्री केशव बहादुर खत्री | वडा अध्यक्ष | |
| ८ | श्री ओम बहादुर बस्नेत | वडा अध्यक्ष | |
| ९ | श्री ज्ञानेन्द्र बहादुर बहेक क्षेत्री | वडा अध्यक्ष | |
| १० | श्री ओम प्रकाश रोकाया | वडा अध्यक्ष | |
| ११ | श्री गोपीलाल कडेल | वडा अध्यक्ष | |
| १२ | श्री चन्द्र बहादुर सिंह | वडा अध्यक्ष | |
| १३ | श्री टिकाराम सार्की | कार्यपालिका सदस्य | |
| १४ | श्री मिना धामी | कार्यपालिका सदस्य | |
| १५ | श्री लक्ष्मी राना क्षेत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री पार्वती सुनार | कार्यपालिका सदस्य | |
| १७ | श्री सेते सुनार | कार्यपालिका सदस्य | |
| १८ | श्री गिता मिजार कुमाल | कार्यपालिका सदस्य | |
| १९ | श्री मानमती कुमारी भट्ट | कार्यपालिका सदस्य | |
| २० | श्री बिन्दु मोर | कार्यपालिका सदस्य | |
| २१ | श्री खेमराज खत्री | प्रमुख प्रशासकीय अधिकृत | |

**निर्णय नं. १२–** कार्यपालिकाको मिति २०८२।०६।२९ गतेको निर्णयानुसार छाडा चौपाया राखिएका कान्जीखोरहरुका लागि पराल खरिद गर्न रु. ३,००,०००।– तीन लाख विनियोजन भएको हुदा उक्त रकमवाट खरिद हुने पराल वडा नं. १० स्थित रहेको गौशालालाई १० दश ट्राली र बाँकी अन्यलाई ५/५ पाँच/पाँच ट्रालीका दरले वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३– स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि–२०८२** वमोजिम यस कार्यालयमा करारमा कार्यरत छैटौं तहका सूचना प्रविधि अधिकृत सुरेश सिंह साउदलाई सातौं तहमा मिलान गरी सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४–** दोधारा चाँदनी तेक्वान्दो डोजाङ्ग दोधारा चाँदनी न.पा २ ले यस नगरपालिकामा प्रदेश स्तरीय तेक्वान्दो प्रतियोगिता असोजको महिनामा संचालन भएको हुदा उक्त प्रतियोगितामा भएको खर्चका लागि रकम माग गरेकोले उक्त संस्थालाई रु.२,००,०००।– दुई लाख रकम विविध खर्च शिर्षकवाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५–** नेपाल पत्रकार महासंघ कंचनपुर शाखाका अध्यक्ष सुरेश सिंह धामीको प्याङ्क्रियाजमा ट्युमर भई उपचाररत रहनु भएको हुदा निजलाई उपचार खर्च वापत रु.५०,०००।– पचास हजार विविध खर्च शिर्षकवाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६–** यस नगरपालिकावाट विभिन्न वडाहरुमा वितरण हुने सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमलाई व्यवस्थापन गर्न रु.१,००,०००।– एक लाख विविध खर्च शिर्षकवाट उपलब्ध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७–** आ.व. २०८१/०८२ मा कार्यान्वयन भएका योजना तथा कार्यक्रमहरुको असार मसान्तसम्म भए गरेको कामको भुक्तानी हुन नसकी १८ नं. फाराम भरिएका योजना तथा कार्यक्रमको भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८–** ईलाका प्रहरी कार्यालय दोधारा चाँदनीका लागि गाडी मर्मत तथा ईन्धनका लागि रु. १,००,०००।– एक लाख विविध खर्च शिर्षकवाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९–** जिल्ला समन्वय समितिमा रहेको कोषवाट नियमानुसार यस नगरपालिकालाई प्राप्त हुने रकमवाट वडा नं. १ स्थित महाकाली नदिमा नगरपालिकाले निर्माण गरिरहेको बाँध निर्माण तथा अन्य संरचना निर्माण योजनामा खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०–** यस नगरपालिका अन्तर्गत रहेका निर्वाचित जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धि सम्बन्धी तालीम संचालन गर्ने र उक्त तालीम संचालन गर्न लाग्ने खर्च रु.२,००,०००।– दुई लाख रकम विविध कार्यक्रम खर्च शिर्षकवाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १**– प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम (PLGSP) को मिति २०८२।०६।३१ गते प्रकाशित सूचना वमोजिम स्थानीय तहवाट नवप्रवर्तन साझेदारी परियोजनाको प्रस्ताव माँग गरिएको हुदा यस नगरपालिकामा संचालन गर्ने गरी सामुदायिक छाडा चौपाया व्यवस्थापन नवप्रवर्द्धन साझेदारी कार्यक्रम सम्वन्धी प्रस्ताव पेश गर्ने र कार्यविधिले तोके वमोजिम नगरपालिकाले गर्नुपर्ने साझेदारी वापतको रकम व्यहोर्ने प्रतिवद्धता गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**– नवप्रवर्तन साझेदारी परियोजना संचालन कार्यविधि, २०८२ वमोजिम परियोजना सम्वन्धी जिम्मेवारी वहन गर्ने यस कार्यालयका पशु चिकित्सक नन्दराज भट्टलाई सम्पर्क व्यक्ति तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ३**– यस नगरपालिकाको **"योजना अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसंचालन कार्यविधि, २०८२"** स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**– यस नगरपालिकाको **"योजना अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसंचालन कार्यविधि, २०८२"** को दफा ३ को उप दफा १ (ख) वमोजिम अनुगमन समितिमा कार्यपालिका सदस्यहरु मध्येवाट १ जना महिला सहित २ जना सदस्य रहने व्यवस्था भएको हुदा देहायका सदस्यहरु तोक्ने निर्णय गरियो ।
१) मिना थामी
२) मानमति कुमारी भट्ट

**निर्णय नं. ५**– यस नगरपालिकाको **अल्पकालीन नगर सेवा केन्द्र संचालन सम्वन्धी कार्यविधि, २०७७ खारेज गर्ने र अल्पकालीन नगर सेवा केन्द्र संचालन सम्वन्धी कार्यविधि,** २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**– यस नगरपालिकाको वडा नं. १० स्थित शान्ती टोलमा लागत साझेदारीमा निर्माण भैरहेको सेफ हाउसको लागि यस भन्दा अघि रु. ५,००,०००।– पाँच लाख विनियोजन भएकोमा उक्त रकमवाट योजना सम्पन्न गर्न अपुग हुने भएकोले थप रु. १,५०,०००।– एक लाख पचास हजार मिलान कोषवाट खर्च हुने गरी विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**– यस नगरपालिकाको वडा नं. २ मा रहेको सुरक्षित महिला आवास गृह (महिला सेफ हाउस) संचालनका लागि मिलान कोष शिर्षकवाट खर्च हुने गरी रु. १,००,०००।– एक लाख विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**– संघीय सरकारको कार्य योजना अनुसार यस नगरपालिकाको रोजगार सेवा केन्द्र अन्तर्गत रहने गरी एक जना मनोसामाजिक परामर्शकर्ता करारमा नियुक्त गर्न विज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**– दोधारा चाँदनी अस्पताल व्यवस्थापन समितिले हालसम्म गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**– यस नगरपालिकाका नगर प्रहरीहरुलाई ३५ दिने आधारभूत तालीम दिए वापत ३५ नं. शैलेश्वरी सशस्त्र प्रहरी गणलाई भुक्तानी गर्न वाँकी रकम रु.५०,०००।– पचास हजार गैर वित्तिय संस्थाहरुलाई चालु अनुदान शिर्षकवाट खर्च हुने गरी भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**– यस नगरपालिकाको आ.व. २०८१/०८२ को नगर प्रमुख आवास कार्यक्रम अन्तर्गत असार मसान्तसम्म भएको कार्यको प्राविधिक मूल्यांकन वमोजिमको रकम रु. १०,२१,७८९।८३ दश लाख एक्काइस हजार सात सय उनानव्वे पैसा त्रियासी र असार मसान्त पछि भएको कार्यको प्राविधिक मूल्यांकन वमोजिमको रकम रु. ७,०३,८९५।५३ सात लाख तीन हजार आठ सय पचानव्वे पैसा त्रिपन्न गरी जम्मा रु. १७,२५,६८५।३६ सत्र लाख पच्चीस हजार छ सय पचासी पैसा छत्तीस मात्र भुक्तानी गर्ने निर्णय गरियो ।